जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९० पृष्ठः ४ | २०८३ साउन १२ मंगलबार (Tuesday 28 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सुनसरी गोलीकाण्डको विरुद्ध गोलबजारमा प्रदर्शन



सिरहा, ११ साउन। सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको घटनाको विरोधमा सिरहाको गोलबजारमा पनि प्रदर्शन गरिएको छ। प्रदर्शनका क्रममा आन्दोलनकारीहरूले 'सुनसरीमा मारिएका व्यक्तिलाई न्याय दे, गृहमन्त्रीले राजीनामा देऊ, गोली चलाउनेमाथि कारबाही गर, प्रहरी दमन बन्द गर,' लगायतका नाराबाजी गरेका थिए। उनीहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न माग गरेका छन्।

उनीहरूले प्रहरीबाट गोली नचलाइएको भए गोली कसले चलायो भन्ने विषयको सत्यतथ्य सार्वजनिक गर्न सरकारसँग माग गरेका छन्। साथै, भोलिसम्म ठोस निर्णय नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी पनि उनीहरूले दिएका छन्। यसैबीच, सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सुनसरी घटनाको विरोधमा कर्जन्हा र गोलबजारमा प्रदर्शन भइरहेको जानकारी प्राप्त भएको बताए।

प्रदर्शनकारीका अगुवासँग छलफलको तयारी भइरहेको उल्लेख गर्दै उनले हालसम्म सिरहामा कुनै उच्छृङ्खल गतिविधि नभएको र अवस्था सामान्य रहेको बताए। परिस्थिति जटिल बने सुरक्षा निकाय तथा सरोकारवालासँग समन्वय गरेर आवश्यक निर्णय लिइने उनको भनाइ छ। यसअघि दिउँसो करिब २ बजे सिरहाको कर्जन्हा नगरपालिका-बन्दीपुरस्थित पूर्व-पश्चिम राजमार्गमा टायर बालेर केहीबेर सडक अवरुद्ध गरेका थिए।

सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा साउने सोमबारको बोलबम यात्राका लागि डिजे बजाउँदै सप्तकोशी नदीतर्फ जाने क्रममा दुई समूहबीच विवाद भएपछि झडप भएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास र हवाई फायर गरे पनि अवस्था नियन्त्रणमा नआएपछि गोली चलाएको जनाएको छ। प्रहरीको गोली लागेर देवानगञ्ज-३ का २४ वर्षीय ओमप्रकाश मेहताको उपचारका क्रममा विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भएको छ।

## सिरहामा मागअनुसार डिएपी मल पुग्न अझै १० दिन लाग्ने

**जीवछ यादव**

लहान, ११ साउन। कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय लहानले सिरहामा मागअनुसार डिएपी मल सहज रूपमा वितरण गर्न अझै १० दिन लाग्ने जनाएको छ। धान खेतीका लागि सिरहाका १७ वटै पालिकामा आठ हजार मेट्रिक टन डिएपी र १० हजार मेट्रिक टन युरिया मल आवश्यक पर्नेमा हालसम्म एक हजार ४८ मेट्रिक टन डिएपी र तीन हजार १६९ मेट्रिक टन युरिया मल जिल्लाका १७ वटै पालिकामा रहेका १८१ कृषि सहकारीमार्फत वितरणका लागि पठाइसकिएको शाखा कार्यालय लहानका प्रमुख चेवन खड्काले जानकारी दिनुभयो।

उहाँका अनुसार साउन २० गतेसम्म सिरहालाई आवश्यक पर्ने डिएपी मल आइपुग्नेछ। कोटाअनुसार पर्याप्त मल नपुग्दा सखुवानन्कारकट्टी, भगवानपुर, बरियारपट्टी, औरही र लक्ष्मीपुर पतारी गाउँपालिकाका कृषि सहकारीहरूले आवश्यकताअनुसार मल वितरण गर्न कठिनाइ भइरहेको छ। खड्काले आर्थिक वर्ष २०८३/८४ मा धानबालीका लागि आवश्यक पर्ने आठ हजार मेट्रिक टन युरिया र सात हजार मेट्रिक टन डिएपी

-बाँकी तीन पेजमा

## गाउँ गाउँ पुगेर गुनासो सुन्दै रास्वपा प्रतिनिधिसभा सदस्यहरु

**मुकेश कुमार यादव**

सिरहा, ८ साउन। निर्वाचित भएपछि राजधानीमै सीमित हुने परम्परालाई तोड्ने प्रयासस्वरूप सिरहाबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्यहरू यतिबेला गाउँ गाउँ पुगेर नागरिकका गुनासा, सुझाव र स्थानीय समस्याबारे प्रत्यक्ष संवादमा जुटेका छन्।

सिरहा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य डा. शम्भु कुमार यादव, क्षेत्र नम्बर ४ का इ. तपेश्वर यादव, क्षेत्र नम्बर २ का शिव यादव, क्षेत्र नम्बर १ का बब्लु गुप्ता तथा समानुपातिक सांसद पुरुषोत्तम यादव पछिल्लो एक सातादेखि आफ्नो निर्वाचन क्षेत्रमा घरदैलो कार्यक्रम सञ्चालन गर्दै स्थानीयसँग प्रत्यक्ष भेटघाट गरिरहेका हुन्। निर्वाचनताका गरिएको जनताको घरदैलोमै पुगेर गुनासा सुन्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको रास्वपाका स्थानीय कार्यकर्ताहरु बताउँछन्। अभियान अन्तर्गत सांसदहरू विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा बस्तीस्तरमा पुगेर सेवा प्रवाह र विकास निर्माणको अवस्थाबारे जानकारी लिइरहेका छन्।

गोलबजार नगरपालिकाका रास्वपा सभापति धनेश्वर यादवले चुनावअघि गरिएको प्रतिबद्धताअनुसार नागरिकसँग निरन्तर संवाद गर्दै समस्याको समाधानका लागि सम्बन्धित निकायसँग पहल गरिने बताए। यस्तै, रास्वपा गोलबजार नगर सचिव सन्तोष साहले विगतमा निर्वाचनपछि नेताहरू नागरिकको पहुँचबाट टाढिने प्रवृत्तिलाई परिवर्तन गर्ने उद्देश्यले यो अभ्यास सुरु गरिएको बताए। उनले भने, जनतासँगको प्रत्यक्ष भेटघाटले नागरिक र निर्वाचित प्रतिनिधिबीचको दूरी घटाउने अपेक्षा गरिएको छ।

प्रतिनिधिसभा सदस्य डा. शम्भु कुमार यादवले, वडा-वडामा आयोजित संवाद कार्यक्रममा शिक्षा, खानेपानी, सिँचाइ, स्वास्थ्य सेवा तथा विकास निर्माणसँग सम्बन्धित विषयहरू प्रमुख रूपमा उठेका बताए। उनले, नागरिकबाट प्राप्त सुझाव र गुनासालाई सम्बन्धित निकायसँग समन्वय गरी समाधानका लागि पहल गरिने प्रतिबद्धता व्यक्त गरे।

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- वालवालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खवर गरौं।

**प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## विकासको सूत्रः सहमति र एकता

स्थानीय विकासको गति केवल बजेटको आकार, योजना वा सरकारी संयन्त्रको सक्रियताले मात्र निर्धारण गर्दैन। विकासको सफलताको सबैभन्दा महत्वपूर्ण आधार भनेको राजनीतिक सहमति, सामुदायिक सहकार्य र साझा प्रतिबद्धता हो। जहाँ जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी र स्थानीय समुदायबीच विश्वास तथा समन्वय कायम भएको छ, त्यहाँ विकास निर्माणका कामले उल्लेखनीय गति लिएका छन्। तर, जहाँ आपसी विवाद, असहमति र राजनीतिक प्रतिस्पर्धाले प्राथमिकता पाएको छ, त्यहाँ विकासका योजना अलपत्र परेका छन् र जनताले अपेक्षित सेवा–सुविधा पाउन सकेका छैनन्।

सिरहाका १७ वटा स्थानीय तहअन्तर्गत रहेका १६४ वडाको विकास अवस्थाले पनि यही यथार्थ उजागर गरेको छ। जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेश कुमार महतोका अनुसार विकासको मूल आधार नै सहमति, सहकार्य र एकता हो। उहाँले अनुगमनका क्रममा सहमतिका आधारमा अघि बढेका वडाहरूमा ६० देखि ८० प्रतिशतसम्म विकास निर्माणका काम सम्पन्न भएको जानकारी दिनुभएको छ। यसले स्पष्ट पार्छ कि विकासको बाधक स्रोत अभाव मात्र होइन, आपसी असमझदारी पनि हो।

स्थानीय तहमा विकास निर्माणका अधिकांश योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने व्यवस्था छ। यस्तो समितिको गठन पारदर्शी, समावेशी र समयमै हुन सके विकास प्रक्रियामा जनसहभागिता बढ्छ, विवाद कम हुन्छ र कामको गुणस्तर पनि सुधारिन्छ। तर व्यवहारमा भने धेरैजसो पालिकामा आर्थिक वर्षको अन्त्यतिर हतारमा उपभोक्ता समिति गठन गर्ने परिपाटी अझै हट्न सकेको छैन। यसले पारदर्शिता कमजोर बनाउनुका साथै सीमित व्यक्तिको प्रभाव बढाउने र विकास योजनालाई विवादित बनाउने गरेको छ। लहान नगरपालिकाको अनुभव यस सन्दर्भमा सकारात्मक उदाहरणका रूपमा लिन सकिन्छ। नगरप्रमुख महेश प्रसाद चौधरीका अनुसार नगरका वडा नम्बर ११, १२, १४, १५, १६, १७, २०, २१, २२ र २४ मा बजेट फ्रिज नहुनु, उपभोक्ता समितिबीच विवाद नदेखिनु तथा सहमतिका आधारमा योजना सञ्चालन हुनु विकासको गतिका प्रमुख कारण हुन्। ती वडाहरूमा योजनाहरू समयमै सम्पन्न भएका छन् भने विकासप्रति नागरिकको विश्वास पनि बढेको छ। यसको विपरीत ग्रामीण क्षेत्रका कतिपय वडामा सहमतिको वातावरण नबन्दा योजनाहरू ढिलो हुने, बजेट खर्च हुन नसक्ने र विकासका काम अधुरा रहने अवस्था देखिएको छ।

नागरिक अगुवा दिनेश यादवले उठाउनुभएको अर्को महत्वपूर्ण विषय भनेको योजना कार्यान्वयनको समय व्यवस्थापन हो। उहाँका अनुसार माघ–फागुनमै उपभोक्ता समिति गठन गरी आवश्यक तयारी थालिएको भए आर्थिक वर्षको अन्त्यमा देखिने हतार, अपारदर्शिता र विवाद कम गर्न सकिन्थ्यो। तर अधिकांश पालिकाले समयमै तयारी नगर्दा यस आर्थिक वर्षमा मात्रै सिरहाका १७ स्थानीय तहको दुई अर्ब रुपैयाँभन्दा बढी बजेट फ्रिज हुनु दुःखद अवस्था हो। विकासका लागि छुट्याइएको बजेट खर्च हुन नसक्नु केवल प्रशासनिक कमजोरी मात्र होइन, नागरिकप्रतिको जिम्मेवारी निर्वाह गर्न नसकेको संकेत पनि हो।

पछिल्ला वर्षहरूमा गणतन्त्र र संघीय व्यवस्थापछि विकास नभएको भन्ने धारणा विभिन्न तहमा सुनिँदै आएको छ। तर यथार्थलाई वस्तुगत रूपमा मूल्याङ्कन गर्दा यस्तो निष्कर्ष पूर्णतः सही देखिँदैन। प्राध्यापक कन्हैभटको भनाइमा जहाँ समुदाय सचेत छ, जनप्रतिनिधि उत्तरदायी छन् र नागरिक सक्रिय छन्, त्यहाँ विकास उल्लेखनीय रूपमा भएको छ। वास्तवमा शासन प्रणालीभन्दा पनि त्यसको प्रभावकारी कार्यान्वयन, स्थानीय नेतृत्वको क्षमता र समुदायको सहभागिताले विकासको परिणाम निर्धारण गर्छ।

विकासलाई केवल सडक, भवन वा भौतिक पूर्वाधारसँग मात्र जोडेर हेर्नु पर्याप्त हुँदैन। विकास भनेको विश्वास निर्माण गर्ने प्रक्रिया पनि हो। जब राजनीतिक दलहरू साझा मुद्दामा एक ठाउँमा उभिन्छन्, नागरिकले आफ्नो आवाज सुन्ने वातावरण पाउँछन् र योजनाहरू पारदर्शी रूपमा अघि बढ्छन्, तब विकास दिगो र प्रभावकारी बन्छ। यसका लागि नागरिक अगुवा, सामाजिक संस्था, सञ्चारमाध्यम र बुद्धिजीवी वर्गले पनि सहजीकरणको भूमिका निर्वाह गर्न आवश्यक छ।

स्थानीय सरकारहरूले अब विकासलाई राजनीतिक प्रतिस्पर्धाको माध्यम होइन, साझा जिम्मेवारीका रूपमा लिनुपर्छ। योजना छनोटदेखि कार्यान्वयन र अनुगमनसम्म सहमति र सहभागितालाई प्राथमिकता दिन सके बजेट फ्रिज हुने प्रवृत्ति स्वतः घट्नेछ। उपभोक्ता समिति समयमै गठन गर्ने, योजना पारदर्शी बनाउने, जनप्रतिनिधिबीच समन्वय बढाउने र नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने कार्यलाई संस्थागत गर्न सकिए मात्र विकासले वास्तविक गति लिनेछ।

सिरहाको अनुभवले दिएको सन्देश स्पष्ट छ, जहाँ सहमति, सहकार्य र एकता हुन्छ, त्यहाँ विकास रोकिन्न। त्यसैले स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म राजनीतिक आग्रहभन्दा माथि उठेर साझा विकासको संस्कृतिलाई बलियो बनाउनु आजको अपरिहार्य आवश्यकता हो।

# फैसला संख्याको चेपुवामा न्याय

मनोज घर्ती मगर

नेपालको न्यायपालिकाभित्र निकै पुरानो र अचम्मको 'ओपन सेक्रेट' (खुला रहस्य) छ– न्यायाधीशको क्षमता उसको फैसलाको वजनले होइन, फैसलाको 'संख्या' ले मापिन्छ। कति गम्भीरतापूर्वक प्रमाण केलाइयो ? कति न्यायसंगत र नवीनतम व्याख्या गरियो ? कति न्याय पारियो ? कति नजिरको अनुसरण गरियो भन्ने गौण बनिदिन्छ जब न्यायपरिषद् र सर्वोच्च अदालतले वर्षको अन्त्यमा कति वटा मुद्दा छिनियो भन्दै 'फर्स्योट ग्राफ' को डिजिटल बोर्ड अगाडि सार्छन्। तब यही संख्यात्मक दबाब र मुद्दा बाँकी रहने ('पेन्डिङ') त्रासको सबैभन्दा ठूलो सिकार उच्च अदालत र यहाँ कार्यरत न्यायाधीशहरू भइरहेका छन्। त्यसैले होला केही सातादेखि जिल्ला र उच्च अदालतहरूले आर्थिक वर्ष २०८२/८३ मा कति प्रतिशत मुद्दा फस्र्योट गरियो भनेर तथ्याङ्क सार्वजनिक गरिरहेका छन्। यसबारे अखबार अनलाइनहरूमा समाचार आइरहेका छन्। साँच्चिकै न्याय दिलाउन र फैसलाको यो संख्यात्मक चक्रव्यूहबाट उम्किन न्यायाधीशहरूले के गर्नुपर्छ ?

### मुद्दा फर्स्योटको बढ्दो दर

पछिल्लो समय अदालतहरूमा मुद्दा फर्स्योटको दर बढ्दो छ। यसलाई सुखद नै मान्नुपर्छ। छिटो न्याय पाउने पक्षको हकलाई यसले सुरक्षित गरेको छ। तर मुद्दा फर्स्योट बढी भएको आधारलाई मात्र यान्त्रिक रूपमा व्याख्या गरेर पूरै न्याय परेको छ भन्न सकिंदैन। कहिलेकाहीं हतारको काम लतार भने जस्तै पक्षले न्याय नपाउने अवस्था पनि रहन्छ भन्ने पाटोलाई विवेचना गर्न जरूरी छ।

उच्च अदालत पोखराले पनि गत असार ३ गते पत्रकार सम्मेलन गरी आर्थिक वर्ष २०८२/८३ मा ७५.८८ प्रतिशत मुद्दा फर्स्योट गरिएको सार्वजनिक गर्‍यो। कानून व्यवसायीसँगै पत्रकार भएकोले मलाई यसबारे चासो हुने नै भयो। अदालतले कुल २ हजार ६९ मुद्दामध्ये १ हजार ५७० मुद्दा फर्स्योट गरेको विवरण सुनायो। बाँकी ४९९ मुद्दा चालु आर्थिक वर्षका लागि सरे।

उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दले अघिल्लो आर्थिक वर्ष २०८१/८२ बाट ७५० मुद्दा जिम्मेवारी सरे पनि यस पटक त्यो संख्या घटाएर मुद्दा फर्स्योट गरिएको सुनाउनुभयो। उच्च अदालत पोखराले दिएको न्याय देशभरमा सर्वोत्कृष्ट रहेको दाबी श्रीमान्‌को थियो। फैसला गर्ने दर बढ्नु पक्कै पनि सुखद खबर हो। यसरी समयमै फैसला हुँदा पक्षले छिटो न्याय पाउँछन्। मुद्दामा अल्झिरहनुपर्दैन।

अघिल्ला वर्षमा भएका मुद्दा फैसलाको संख्यालाई मात्रै हेर्ने हो भने मुख्य श्रीमान्‌को दाबी ठिकै होला। तर फैसला गरिएका मुद्दाको संख्यालाई मात्रै गनेर उत्कृष्ट न्याय दिइएको भन्नु त्यति न्यायसंगत र तर्कपूर्ण लाग्दैन। कास्की जिल्ला अदालत र उच्च अदालत पोखरामा दैनन्दिन अदालती अभ्यासमा रहेको मलाई उच्च अदालत पोखराले सार्वजनिक गरेको मुद्दा फर्स्योटको विवरणले मात्रै सर्वोत्कृष्ट न्याय परेको भन्नेमा सन्तुष्ट बनाउन सकेन। जिल्ला अदालतहरूमा नजिर सिद्धान्तको पालना र प्रयोग गर्ने चलन निकै कम छ। कुनै पनि मुद्दामा बहस गर्दा नजिर सिद्धान्तको प्रसंग आउने बित्तिकै सुन्नै झर्को मान्ने श्रीमान्‌हरूको संख्या जिल्ला अदालतमा बढी नै छ। उच्च अदालतहरूमा धेरथोर नजिरका प्रसंग समेटेर फैसला गरिएको पाइन्छ। उच्च अदालत पोखराबाट भएका फैसलाहरूमा पनि नगन्य मात्रामा मात्रै नजिर पालना गरिएको पाइन्छ। त्यसैले फैसलाको दर बढेर मात्रै पुग्दैन। कति न्याय पार्न सकियो भन्ने विषय महत्वपूर्ण र विवेचना गर्नुपर्ने देखिन्छ।

### 'शुरु सदर' प्रवृत्ति

तुलनात्मक दृष्टिले हेर्ने हो भने उच्च अदालतहरूले धेरैजसो जिल्ला अदालतले गरेको फैसला नै सदर गर्ने गरेको पाइन्छ। यो स्वाभाविक पनि हो। किनभने उच्च अदालतले सकभर प्रमाण परीक्षण गर्दैनन्। प्रमाण परीक्षण गर्ने काम शुरु जिल्ला अदालतकै हो। त्यसैले जिल्ला अदालतले गरेको फैसला ठिक छ कि छैन भनेर मात्रै उच्च अदालतले जाँच गर्ने गर्छन्। यसो गर्दा शुरु जिल्ला अदालतको फैसला सदर हुने दर बढी हुनुलाई अन्यथा भन्न सक्ने अवस्था देखिंदैन।

उच्च अदालतलाई करेक्सनल कोर्ट समेत भन्ने गरिन्छ। त्यसैले धेरै न्यायका याचकहरू उच्च अदालतमा मुद्दा लिएर आएका हुन्छन्। उच्च अदालतमा कति मुद्दा न्यायको रोहमा करेक्सन भएका छन् ? दैनिक अभ्यासमा रहेका कानून व्यवसायीलाई अवगत नै छ। यसलाई गम्भीर रूपमा हेरिनुपर्छ।

पछिल्लो समय छोटो बाटोबाट मुद्दा टुङ्ग्याउने र फैसलाको संख्या बढाउने डरलाग्दो शैली विकास भएको छ। जसलाई कानूनी वृत्तमा 'शुरु सदर प्रवृत्ति' भनिन्छ। मुद्दाको फैसला उल्ट्याउन वा परिमार्जन गर्न पहाडजत्रो चुनौती हुन्छ। जिल्ला अदालतको भन्दा फरक निष्कर्षमा पुग्नका लागि न्यायाधीशले बलियो कानूनी आधार, प्रमाणहरूको नयाँ शिराबाट विश्लेषण र अकाट्य तर्कहरू पेश गर्नुपर्छ। यसका लागि मिसिलको पाना–पाना पल्टाउनुपर्छ, गहिरो अध्ययन चाहिन्छ र फैसला लेख्न कैयौं दिन समय लाग्छ।

तर, फैसला सदर गर्न कति सजिलो छ। "शुरु अदालतको ठहर र विश्लेषण मनासिब नै देखिंदा परिवर्तन गरिरहनुपरेन..." बस्, फैसलाको अन्त्यमा यो एक वाक्य वा बनिबनाउ तयारी भाषा ( फर्म्याट) प्रयोग गरेपछि काम सकियो। यसले न्यायाधीशको समय त बचाउँछ नै, सबैभन्दा महत्वपूर्ण कुरा उनीहरूको 'मुद्दा फर्स्योट ग्राफ' लाई ह्वात्तै माथि पुर्‍याउँछ। न्यायपरिषद्को बुलेटिनमा "फलानो न्यायाधीशले यति मुद्दा छिने" भन्दै अङ्क थपिन्छ। तर, त्यो अङ्कको पछाडि कति जनाको न्याय मर्‍यो वा कति निर्दोषले सजाय पाए भन्ने कुरा कतै अभिलेखित हुँदैन। पक्षहरूलाई समेत आफूलाई साँच्चिकै अन्याय परेको बारे कहाँ गएर कसरी उजुरबाजुर गर्ने भन्ने विषयमा जानकारी समेत छैन। केही पक्षले त्यस बारे कुरा उठाए यस्तै हो भनेर चित्त बुझाउनुपर्छ भनेर सिकाउने कानून व्यवसायी समेत नभएका होइनन्।

यदि जिल्ला अदालतले प्रमाण र कानूनको न्यायसम्मत व्याख्या गरेको छ भने त्यसलाई सदर गर्नु स्वाभाविक हो। तर, जब यो एउटा प्रणालीगत बानी वा मुद्दाको संख्या बढाउने 'सर्टकट' बाटो बन्छ, तब अदालत न्याय दिने ठाउँ होइन, केवल मुद्दाको लगत कट्टा गर्ने 'प्रशासनिक अड्डा' जस्तो बन्न पुग्छ। कतै हाम्रा अदालतहरू न्यायको मन्दिर बन्नुपर्नेमा मुद्दाको लगत कट्टा गर्ने 'प्रशासनिक अड्डा' त बनिरहेका छैनन् ! यो गहन विषयमा दिमागी माथापच्ची गर्न र न्यायिक मनले विवेचना गर्न जरूरी भइसकेको छ।

### न्यायाधीशको रक्षात्मक मानसिकता

फैसलाको संख्यात्मक दबाब बाहेक अर्को मुख्य कारण हो– न्यायाधीशले न्यायिक जोखिम मोल्न नचाहने प्रवृत्ति। कुनै पनि चर्चित वा विवादित मुद्दामा तल्लो अदालतको फैसला उल्ट्याउने बित्तिकै न्यायाधीशहरूमाथि अनेकौं शङ्का–उपशङ्का गरिन्छ। न्यायपरिषद्मा उजुरी हाल्ने, मिडियामा 'सेटिङ' को चर्चा चल्ने वा स्वार्थ समूहहरूले बदनाम गराउन खोज्ने डर न्यायाधीशहरूमा देखिन्छ। यस्तो अवस्थामा 'शुरु सदर' गर्नु उनीहरूका लागि सबैभन्दा सुरक्षित क्षेत्र बनिदिन्छ। "मैले मात्र होइन, तल्लो अदालतका न्यायाधीशले पनि यही देखेका थिए" भन्दै सामूहिक जवाफदेहीको ओत लाग्न पाइने भएपछि न्यायाधीशहरू प्रशासनिक रूपमा रक्षात्मक बन्छन् र विवेक बन्धक राख्न पुग्छन्।

न्यायाधीशले प्रमाणको सही मूल्याङ्कन गर्दै न्यायिक मन र विवेक प्रयोग गर्नुपर्नेमा त्यसो हुनसकेको छैन। न्यायाधीश नै रक्षात्मक बन्न खोज्नु न्यायका दृष्टिले शोभनीय मानिंदैन। पछिल्लो समय न्यायिक क्षेत्रमा यस्तो प्रवृत्ति बढेको हो कि भनेर घोत्लिनुपर्ने बेला आइसकेको छ। यही तरिकाले अघि बढ्दै जाने हो भने न्यायालयमा न्यायको याचना गर्ने पक्षहरूको सधैं हित हुन्छ। अदालतले कहिल्यै पनि अन्याय गर्दैन। कोही नहुनेको पनि अदालत छ भन्ने आम नागरिकमा रहेको अटल विश्वासमा धक्का पुग्न सक्छ। न्यायालयप्रति रहेको यो अटल विश्वासलाई जोगाइराख्नु सम्पूर्ण न्यायकर्मीको कर्तव्य हो।

### साँच्चिकै न्याय दिलाउन के गर्ने ?

अदालतप्रतिको जनआस्था र न्यायको प्राण बचाउने हो भने न्यायाधीशहरू अब फैसला संख्याको यो अङ्कगणितको खेलबाट बाहिर निस्कनैपर्छ। न्यायाधीश भनेको साँच्चिकै अलौकिक व्यक्ति हो। जसलाई न्याय दिलाउनकै लागि त्यो जिम्मेवारी प्राप्त भएको हुन्छ। न्यायाधीशले जहिले पनि स्वतन्त्र, निष्पक्ष, पारदर्शी र न्यायिक मनको प्रयोग गरेर विवेचना गर्नुपर्छ। गरिँदै आएका उदाहरण प्रशस्तै छन्। साँच्चिकै न्याय सम्पादन गर्नका लागि न्यायाधीशहरूले आफ्नो कार्यशैलीमा समेत सुधारहरू ल्याउनु अनिवार्य छ। न्याय सम्पादन गर्दा सम्यक् तरिकाले न्यायिक मन लगाउनैपर्छ। त्यसका लागि निम्न तरिका अपनाउँदा साँच्चिकै न्याय दिलाउन सकिन्छ :

**क.फैसला संख्याको दास होइन, विवेकको संवाहक बन्ने**

न्यायाधीशहरूले न्यायपरिषद्ले गणना गर्ने 'फैसला संख्या' को दास बन्न अस्वीकार गर्नुपर्छ। महिनामा ५० वटा सतही फैसला गर्नुभन्दा महिनामा १०/१५ वटै फैसला गरे पनि ती कानूनका दृष्टिमा त्रुटिहीन र न्यायका दृष्टिमा पूर्ण हुनुपर्छ। न्यायाधीशको मूल्याङ्कन गर्दा उसले कति मुद्दा छिन्यो भन्नेसँगै, उसले गरेका कति वटा फैसला माथिल्लो अदालतबाट सदर वा बदर भए ( गुणात्मक परीक्षण) भन्ने परिपाटी बसाल्न न्यायाधीशहरू आफैंले नेतृत्वदायी पैरवी गर्नुपर्छ। यसो गर्दा न्यायाधीशले संख्यात्मक फैसलाभन्दा फैसला गरिएका मुद्दाको गुण र दोष हेर्ने परिपाटी बस्छ। न्यायपरिषद्ले पनि फैसला संख्यालाई गणना गरेर न्यायाधीशको क्षमता जाँच गर्ने अवैज्ञानिक र अव्यावहारिक मापन बदल्नुपर्छ।

**ख. मिसिलको 'घनीभूत' र स्वतन्त्र अध्ययन**

तल्लो अदालतको फैसलालाई केवल एउटा 'रेफरेन्स' मात्र मान्नुपर्छ, अकाट्य दस्तावेज होइन। इजलासमा बस्नुअघि नै मुद्दाको मुख्य विवाद के हो र पुनरावेदन गर्ने पक्षले के–के बुँदामा चित्त बुझाएको छैन भन्ने कुराको पूर्व र पूर्ण अध्ययन हुनुपर्छ। मिसिलमा रहेका साक्षीका बयान, मौकाका कागज र फरेन्सिक वा डिजिटल प्रमाणको यान्त्रिक रुजु मात्र नगरिकन तिनको विश्वसनीयतातर्फ घनीभूत परीक्षण गर्नुपर्छ। अनि मात्रै पक्षलाई न्याय पर्न जान्छ। यसो नगरेर केवल पेशी चढेका सबै मुद्दालाई जसरी पनि टुंग्याउने मानसिकतामा न्यायाधीश इजलासमा बस्छन् भने यसले न्याय पर्न सक्ने सम्भावना कम हुन्छ। त्यसैले न्यायाधीशले पनि मिसिललाई बडो घनीभूत रूपमा अध्ययन गर्नुपर्छ। यदि अध्ययन सतही रूपमा मात्रै गर्ने अवस्था आयो भने मुद्दा नहेर्न पनि सकिन्छ। अथवा अर्को दिन समेत पूर्ण अध्ययन गरेर सुनुवाइ गर्न सकिन्छ। यतातिर समेत ध्यान दिनुपर्ने देखिन्छ।

**ग. बनिबनाउ 'कपी–पेस्ट' ढाँचाको अन्त्य**

देवानी वा फौजदारी जुनसुकै मुद्दामा पनि जिल्ला अदालतले कोट गरेका प्रमाणहरूलाई हुबहु कपी–

–बाँकी तीन पेजमा

# श्री बस्तीपुर माध्यमिक विद्यालय, बस्तीपुर

लहान-१४, सिरहा, मधेश प्रदेश (नेपाल)

## शिक्षक र कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/७**

प्रस्तुत विषयमा लहान नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. ५३ र ५४ मिति २०८३/०४/०६ को रिक्त पदपूर्ति गर्नु भनि विद्यालयलाई प्राप्त अनुमति पत्र अनुसार यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०३/२६ गतेको निर्णय अनुसार यस विद्यालयको रिक्त रहेको कार्यालय सहयोगी र शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकबाट तपसिल अनुसार विवरणसहितको सूचना प्रकाशित भएको मिलि १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**(१) सूचना नं. ०१/२०८३/०८४**
- **(क) पद :** कार्यालय सहयोगी
- **(ख) पद संख्या :** १ (एक)
- **(ग) शैक्षिक योग्यता :** एस.एल.सी./एस.ई.ई वा सो सरह।
- **(घ) परीक्षा दस्तुर :** रु. १०००/- (अक्षरेपी रु. एक हजार मात्र)
- **(ङ) परीक्षाको किसिम :** लिखित र मौखिक

**(२) सूचना नं. ०२/२०८३/०८४**
- **(क) पद :** उ.मा.वि.तर्फ मा.शि. द्वितीय अनुदान कोटा
- **(ख) पद संख्या :** १ (एक)
- (ग) विषय : नेपाली
- **(घ) शैक्षिक योग्यता :** शिक्षा शास्त्र वा सो सरह मुख्य विषय नेपाली विषयमा स्नातकोत्तर द्वितीय श्रेणी उत्तीर्ण र सम्बन्धी तहका अध्यापन अनुमति पत्र प्राप्त गरेको।
- **(ङ) परीक्षा दस्तुर :** रु. २५००/- (अक्षरेपी रु. दुई हजार पाँच सय मात्र)
- **(च) परीक्षाको किसिम :** लिखित, मौखित र कक्षा अवलोकन
- **(छ) आवश्यक कागजात :** एस.एल.सी./एस.ई.ई.भन्दा माथि सबै

**(३) दस्तुर बुझाउने :** नेपाल बैंक लि. लहान च.०३६००१००२८०११७०००००१
**(४) दरखास्त दिने मिति :** २०८३/०४/०७ गते देखि २०८३/०४/२१ गते सम्म
**(५) उमेरको हद :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
**(६) सम्पर्क मिति :** २०८३/०४/२२
**(७) परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ।
**(८) सेवा सुविधा :** नेपाल सरकारको नियमानुसार हुनेछ
(९) सम्पर्क नं. ९८०५९३२३२८, ९८०७७७६८५१, ९८४२८४८२९८

**शोभानन्द चौधरी**
**प्रधानाध्यापक**
**श्री बस्तीपुर मा.वि. बस्तीपुर, सिरहा**

### *फैसला संख्याको ...*

पेस्ट गर्ने र अन्त्यमा 'शुरु अदालतले गरेको फैसला मनासिब देखिंदा पुनरावेदन जिकिर पुग्दैन' लेख्ने बानी पूर्ण रूपमा बन्द हुनुपर्छ। पुनरावेदन जिकिरकर्ताले उठाएका प्रत्येक कानूनी प्रश्नको बुँदागत खण्डन वा मण्डन फैसलामा देखिनुपर्छ। न्यायाधीशले यसबारे फैसलामा खुलाएर लेख्नुपर्छ। किनभने फैसला पढ्ने जुनसुकै पक्षले पनि "हो, मेरो कुरा इजलासले सुनेको रहेछ र यो कारणले मेरो दाबी पुगेनछ" भन्ने कुरा बुझ्न सकोस्। हैन भने यसले न्यायलाई केवल फैसला संख्या गणनामा मात्रै सीमित गर्छ। जसबाट न्यायको मन्दिरमा याचना गर्न आएका पीडितलाई झन् पीडा पुग्न सक्छ। जुन कुरा कसैका लागि पनि प्रीतिकर हुन सक्दैन।

**घ. बहस र पैरवीलाई 'औपचारिकता' मा मात्र सीमित नगर्ने**

दैनिक दर्जनौं मुद्दा पेशीमा चढ्ने हुनाले उच्च अदालतमा कानून व्यवसायीहरूलाई विस्तृत बहस गर्न समय पुग्दैन। न्यायाधीशहरूले पनि यसलाई एउटा झन्झटिलो कार्यविधि जस्तो मान्ने गरेको देखिन्छ। यसलाई सुधार्न 'टाइम म्यानेजमेन्ट' सहित प्रभावकारी बहस सुन्ने र प्रस्तुत गरिएका बहस नोटहरूलाई फैसलाको अभिन्न अङ्ग बनाउने साहस न्यायाधीशले देखाउनुपर्छ। अनि मात्रै बहसको औचित्य रहन्छ। मिसिलको गहिरो अध्ययन र पूर्ण तयारी गरेर गएका कानून व्यवसायीले ५ मिनेट बहस गर्न पाएको हुँदैन। इजलासबाट 'छोट्याउँ विद्वानज्यू' भनेर कानून व्यवसायीलाई मुद्दासँग सम्बन्धित तर्क र तथ्य राख्नै नदिई गरिएको फैसलाको कुनै अर्थ छैन। त्यसो त इजलासमा बहस गर्न जाने सम्पूर्ण कानून व्यवसायीहरूमा पूर्ण रूपमा पोख्त, क्षमतावान, गहिरो ज्ञान छ भन्न सकिँदैन। त्यसैले कानून व्यवसायीले गरेका तर्क र मुख्य बुँदा फैसलामा समेट्ने प्रचलन बढेमा त्यसले कानून व्यवसायीको क्षमता जाँच्न समेत सहयोग पुग्न जान्छ। न्यायाधीशले पूरै बहस नसुनेर केवल बहस र पैरवीलाई 'औपचारिकता' मा मात्र सीमित गर्नेतिर लाग्नुहुँदैन। कानून व्यवसायीले अधूरो रूपमा राखेको तर्क र प्रमाणलाई मात्रै हेरेर फैसला गर्दा सही न्याय नपर्न सक्छ।

**फैसलाको 'क्वालिटी अडिट' गर्न आवश्यक**

साँच्चिकै न्याय दिलाउने काम केवल न्यायाधीशको एकल प्रयासले मात्र सम्भव छैन। हामीलाई विश्वास छ न्यायाधीशले सधैं न्याय बाहेक केही देख्दैनन्। त्यसैले न्यायाधीशलाई धेरैले भगवान्को रूपमा समेत हेर्ने गर्छन्। म भने न्यायाधीशलाई भगवान्रूपी गुण भएको व्यक्तिको रूपमा बुझ्छु। न्यायाधीश पनि मानिस नै हुन्। उनीहरूबाट कहिल्यै गल्ती र कमी–कमजोरी हुँदैनन् भन्ने मान्यतासँग म पूर्ण सहमत हुन सक्दिनँ। न्यायाधीशहरू पनि मानिस् हुन् उनीहरूबाट पनि जानीनजानी गल्ती कमी–कमजोरीहरू हुन सक्छन्। त्यसबारे उचित मूल्याङ्कन हुनैपर्छ। जबसम्म न्यायपरिषद्ले न्यायाधीशको बढुवा र मूल्याङ्कन गर्दा 'संख्यात्मक मुद्दा फर्स्योट' लाई मात्र आधार बनाइरहन्छ, तबसम्म न्यायाधीशहरू जोखिम मोल्न तयार हुँदैनन्। त्यसैले न्यायाधीशहरूले सामूहिक रूपमा वा आफ्ना न्यायिक फोरमहरू मार्फत यो मूल्याङ्कन प्रणाली परिमार्जन गर्न दबाब दिनुपर्छ।

न्यायपरिषद्ले पनि फैसलाको 'क्वालिटी अडिट' गर्ने प्रणाली विकास गर्नुपर्छ। कुनै न्यायाधीशले गरेको फैसला कति तार्किक छ, त्यसमा कानूनको व्याख्या कति उत्कृष्ट र बलियो छ र समाजमा त्यसले कस्तो प्रभाव पार्‍यो भन्ने कुरालाई मूल्याङ्कनको मुख्य कडी बनाइनुपर्छ। अनि न्याय परेको अनुभूति हुने गरी फैसला गर्ने परिपाटीको विकास हुन्छ। इजलास सेयर गरेको न्यायाधीशले पनि उक्त रायमा सहमत छु भनेर फड्के किनाराको साक्षी बस्ने चलन हटाउनुपर्छ। यदि आफू सहमत हुन नसके, आफ्नो विचार फरक छ भने सिनियर न्यायाधीशसँग पनि राय बझाउने हिम्मत गर्नुपर्छ। तर उच्च अदालतहरूबाट फैसला गर्दा राय बझाइएका घटना नगन्य हुन्छन्। धेरैले यसमा हिम्मतसम्म गरेको देखिँदैन। यसो गर्दा फैसलामा निखारपन आउने हुन्छ।

**अबको बाटो**

"न्याय केवल गरिनु मात्र हुँदैन, न्याय भएको देखिनु पनि पर्छ" भन्ने स्थापित मान्यता आज 'फैसला संख्या' को गणना गर्ने भीडमा कतै हराए जस्तो भएको छ। उच्च अदालतहरू केवल जिल्ला अदालतको निर्णयमा सही थाप्ने 'प्रशासनिक अड्डा' जस्ता बन्नुहुँदैन। यदि यो प्रवृत्ति समयमै रोकिएन भने नागरिकको अदालतप्रतिको अन्तिम भरोसा पनि टुट्नेछ, र मानिसहरू न्यायका लागि अदालत होइन, सडक वा शक्तिकेन्द्रतिर लाग्न थाल्नेछन्। न्यायाधीशहरू केवल सरकारी ओहोदादार वा जागिरे होइनन्, उनीहरू त समाजमा कानूनी शासन जीवित राख्ने विवेकका रक्षक हुन्। शुरु अदालतको फैसलामा रहेका छिद्रहरूलाई निर्भीकताका साथ सच्याउने र पीडितलाई न्यायको प्रत्यक्ष अनुभूति गराउने दायित्व उनीहरूकै हो।

त्यसैले, मुद्दा 'पेन्डिङ' को त्रास र फैसला संख्या बढाउने दौडबाट बाहिर निस्केर, न्यायिक निर्भीकता र इमानदारीका साथ तथ्य र प्रमाणको कसीमा घोटिएर मात्र फैसला गर्ने परिपाटी बसालौं। उच्च अदालतलाई 'शुरु सदर' को नकारात्मक ट्यागबाट मुक्त गरी वास्तविक अर्थमा न्यायको चौतारी बनाउनु आजको अपरिहार्य आवश्यकता हो। यसका लागि न्यायाधीशहरूको दह्रो इच्छाशक्ति, निर्भीकता र न्यायप्रतिको निष्ठा नै सबैभन्दा ठूलो हतियार हो भन्नेबारे सबैले बुझ्न आवश्यक देखिन्छ।

*(त्रिभुवन विश्वविद्यालयका पीएचडी शोधार्थी अधिवक्ता घर्ती मगर नेपाल खुल्ला विश्वविद्यालयका अध्यापक हुन्।)*
*अनलाइनखबरबाट*

# राजर्षि जनक विश्वविद्यालयको समस्या समाधान र शैक्षिक सुधारमा सरकार प्रतिबद्ध : मन्त्री पोखरेल



धनुषा, ११ साउन। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राजर्षि जनक विश्वविद्यालयको समस्या समाधान र शैक्षिक सुधारका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन्। विश्वविद्यालयको वस्तुस्थिति बुझ्न र आगामी कार्यदिशाबारे छलफल गर्न जनकपुर पुगेका मन्त्री पोखरेलले विश्वविद्यालयलाई थप परिष्कृत र व्यवस्थित ढङ्गले अगाडि बढाउने स्पष्ट पारे।

विश्वविद्यालयका पदाधिकारीहरूसँगको परामर्शका क्रममा उनले विशेषगरी भौतिक पूर्वाधार निर्माण र जग्गा प्राप्तिको विषयमा चासो व्यक्त गरे। विश्वविद्यालयको आफ्नै भवन नहुँदा परेका कठिनाइहरूबारे चर्चा गर्दै उनले जग्गा प्राप्तिको कानुनी प्रक्रियालाई छिटोभन्दा छिटो टुङ्ग्याएर निर्माण कार्य सुरु गरिने आश्वासन दिए। भ्रमणका क्रममा मन्त्री पोखरेलले विद्यार्थीलाई विभिन्न खेलकुद सामग्री समेत हस्तान्तरण गरे। करिब दुई महिनाअघिको भ्रमणमा विद्यार्थीले खेलकुद सामग्रीको अभाव रहेको भन्दै राखेको गुनासोलाई सम्बोधन गर्दै उनले क्रिकेट ब्याट, बल र फुटबल लगायतका सामग्री उपलब्ध गराएका हुन्। आफ्नै पूर्वप्रतिबद्धताअनुरूप विद्यार्थीको माग पूरा गर्न पाउँदा खुसी लागेको उनले बताए।

मधेश प्रदेशलाई 'साक्षर प्रदेश' घोषणा गर्ने अभियानका सन्दर्भमा मन्त्री पोखरेलले यसअघि नै प्रतिवेदन सार्वजनिक गरी प्रदेश सरकारलाई हस्तान्तरण गरिसकिएको जानकारी दिए। उक्त अभियानको प्रगति सन्तोषजनक रहेको उल्लेख गर्दै उनले यस विषयमा थप समन्वयका लागि प्रदेश प्रमुख तथा सम्बन्धित एकाइ प्रमुखहरूसँग छलफल गर्ने योजना रहेको समेत स्पष्ट पारे। 'आज हामी उपकुलपतिसँग छलफल गरी विश्वविद्यालयका समस्या, विशेषगरी जग्गा व्यवस्थापन र आफ्नै भवन निर्माणका विषयमा परामर्श गरेका छौं,' मन्त्री पोखरेलले भने, 'यी कामलाई शीघ्र अघि बढाउने तयारी भइरहेको छ।'

यसअघि जनकपुर भ्रमणका क्रममा विद्यार्थीहरूले खेल सामग्रीको अभावबारे गुनासो गरेको र सोही प्रतिबद्धताअनुसार सामग्री हस्तान्तरण गरिएको उनले बताए। साक्षर प्रदेश घोषणासम्बन्धी प्रतिवेदनको प्रगति सन्तोषजनक रहेको र आगामी दिनमा प्रदेशका सम्बन्धित निकायसँग समीक्षा गर्ने योजना रहेको उनको भनाइ छ। समस्याको पहिचान र समाधान गर्दै चुनौतीलाई अवसरमा रूपान्तरण गर्ने उद्देश्यका साथ काम भइरहेको उल्लेख गर्दै मन्त्री पोखरेलले विश्वविद्यालयका लागि जग्गा प्राप्त गरी आफ्नै भवन निर्माण प्रक्रिया सकेसम्म छिटो सुरु गरिने बताए।

शिक्षा क्षेत्रमा थुप्रै चुनौतीहरू रहे पनि ती चुनौतीभित्र अवसरहरू खोज्दै सरकार अगाडि बढिरहेको उनले स्पष्ट पारे।

### *गाउँ गाउँ पुगेर...*

सिरहा नगरपालिकाबाट सुरु भएको 'जनता भेटघाट तथा सुझाव संकलन' अभियान क्षेत्र नम्बर ३ अन्तर्गतका गोलबजार नगरपालिका, विष्णुपुर गाउँपालिका, अर्नमा गाउँपालिका लगायत ४१ वटै वडामा सञ्चालनमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला कार्यसमिति सचिव रमेश यादवले जनाए। उनले भने, अभियानका क्रममा पूर्वाधारको अवस्था अवलोकन गर्नुका साथै स्थानीयसँग प्रत्यक्ष छलफल भएको छ। उनले, नागरिकसँगको प्रत्यक्ष संवादबाट विकास निर्माण, सेवा प्रवाहमा देखिएका ढिलासुस्ती तथा बेथितिबारे सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै समाधान खोजिने बताए।

पछिल्लो एक सातादेखि सञ्चालन भइरहेको यो अभियानलाई निर्वाचित जनप्रतिनिधि र नागरिकबीचको सम्बन्धलाई थप नजिक बनाउने प्रयासका रूपमा हेरिएको छ।

### *सिरहामा मागअनुसार...*

मल धान खेती सुरु हुनुअघि नै भण्डारण गर्ने तयारी केन्द्रीय कार्यालयले गरेको जानकारी दिनुभयो।

कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख किसुनदेव राउतका अनुसार सिरहामा हालसम्म ९५ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ। जिल्लामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ। मधेश प्रदेशको कुल धान उत्पादनमध्ये १६.६ प्रतिशत उत्पादन सिरहाबाट हुने गरेको छ।

# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता सम्बन्धमा ।**

**मिति : २०८३/०३/११**

श्री सरोकारवाला सवै ।

प्रस्तुत विषयमा यस कार्यालयमा आ.व. २०८३/०८४ को लागि मौजुदा सूचीमा दर्ता हुन वा अधावधिक हुन वाहने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपि संलग्न राखि सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची-२क. बमोजिमको ढाँचामा निवेदन दिनु हुन अनुरोध छ।

**तपसिल**

(क) मौजुदा सूचि सम्बन्धी निवेदन- १
(ख) संस्था वा फर्म दर्ताको प्रमाणपत्र -१, प्रति।
(ग) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र - १, प्रति
(घ) कर चुक्ता प्रमाणपत्र -१, प्रति।
(ङ) आवश्यकतानुसारको व्यवसायिक इजाजतपत्र-१, प्रति।
(च) सूचिकृतको लागि कार्यालयले तोकिएको दस्तुर बुझाएको रसिद वा बैंक भौचर-१ प्रति।
(छ) आ.ब.२०८२/०८३को कर चुक्ता (२०८३ असोज मसान्त सम्म र सो पश्चात म्याद थप भएको पत्र)-१ प्रति।

**प्रमुख प्रशासकीय अधिकृत**

# सर्लाहीबाट भारत लैजान खोजिएको सौफी मदिरासहित दुई पिकअप नियन्त्रणमा






सर्लाही, ११ साउन। सर्लाही प्रहरीले सीमावर्ती क्षेत्र हुँदै भारततर्फ तस्करी गर्न लागिएको ठूलो परिणामको सौफी मदिरासहित दुईवटा पिकअप र तिनका चालकलाई नियन्त्रणमा लिएको छ। बलरा नगरपालिकाको सिमा क्षेत्रबाट सोमबार बिहान भारततर्फ अवैध रूपमा मदिरा लैजाँदै गरेको अवस्थामा दुईवटा पिकअप नियन्त्रणमा लिइएको हो। दुवै गाडीमा गरी ६०० कार्टुनभन्दा बढी सौफी मदिरा लोड गरिएको थियो।

सशस्त्र प्रहरी बल सर्लाहीका प्रमुख एसपी अमरबहादुर खत्रीका अनुसार, बिहान करिब ११ बजे बलरा नगरपालिका-१ स्थित सेढवा गाउँबाट प्रदेश २-०३-००१ च ५६६८ नम्बरको पिकअप नियन्त्रणमा लिइएको थियो। उक्त गाडीमा २५० कार्टुन सौफी मदिरा लोड गरिएको थियो।

त्यसैगरी बिहान करिब ९ बजे बलरा नगरपालिका-३ लक्ष्मिपुर नाकाबाट प्रदेश २-०३-००१ ख ५१३५ नम्बरको अर्को पिकअप पनि नियन्त्रणमा लिइएको उनले बताए। उक्त गाडीमा ३६० कार्टुन सौफी मदिरा रहेको सशस्त्र प्रहरीले जनाएको छ।

'विशेष निगरानीका क्रममा भारततर्फ लैजान तयारी अवस्थामा रहेका गाडी नियन्त्रणमा लिएका हौं,' एसपी खत्रीले भने, 'अवैध तस्करी नियन्त्रणका लागि सीमावर्ती क्षेत्रमा निगरानी थप कडा बनाइएको छ।' त्यस्तै जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक रविन्द्रनाथ पौडेलले गाडी सीमा क्षेत्रमै पुगेको अवस्थामा नियन्त्रणमा लिइएको बताए।

'गाडी बोर्डरबाट करिब २०० मिटर नजिक पुगिसकेका थिए र भारततर्फ जान खोजिरहेका थिए,' एसपी पौडेलले भने, 'एउटा मदिरा बोकेको पिकअप नेपाल प्रहरीले नियन्त्रणमा लियो भने अर्को सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर जिल्ला भन्सार कार्यालय सर्लाहीमा बुझाइसकेको छ।' प्रहरीका अनुसार दुवै पिकअपका चालकलाई समेत नियन्त्रणमा लिइएको छ। बरामद मदिरा, सवारीसाधन र चालकमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम राख्न प्रशासनको आग्रह

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ११ साउन। जिल्ला प्रशासन कार्यालय सप्तरीले सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, घृणायुक्त अभिव्यक्ति तथा धार्मिक र सामुदायिक सद्भावमा खलल पुग्ने गतिविधि नगर्न सबैमा आग्रह गरेको छ। प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाद्वारा सोमबार जारी अपिलमा पछिल्लो समय अन्य जिल्लामा भएका घटनालाई आधार बनाएर फेसबुक, टिकटक, इन्स्टाग्राम, युट्युबलगायत सामाजिक सञ्जालमार्फत भ्रामक अफवाह फैलाउने, एकअर्काको धर्म, आस्था, संस्कृति तथा समुदायप्रति लक्षित गरी घृणायुक्त अभिव्यक्ति दिने र अमर्यादित टिप्पणी गर्ने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ।

अपिलमा सप्तरीको बहुजातीय, बहुभाषिक तथा बहुधार्मिक सामाजिक विशेषतालाई संरक्षण गर्दै आपसी सद्भाव, शान्ति, सुरक्षा र अमनचयन कायम राख्नु सबैको साझा दायित्व भएको उल्लेख गरिएको छ। विभिन्न जातजाति, भाषाभाषी, धर्म तथा सम्प्रदायका नागरिकबीच आपसी एकता, सहिष्णुता, सद्भाव र भ्रातृत्वको भावना सुदृढ बनाउन प्रशासनले सम्पूर्ण नागरिक, धार्मिक गुरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी तथा सबै सरोकारवालासमक्ष हार्दिक अपिल गरेको छ। जिल्ला प्रशासन कार्यालयले समाजमा उत्तेजना फैलाउने, धार्मिक भावनामा आघात पुर्‍याउने वा कानुनी व्यवस्था हातमा लिन खोज्ने जो-कोहीलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी पनि दिएको छ। त्यस्ता गतिविधिमा संलग्न व्यक्तिलाई मुलुकी अपराध संहिता, २०७४ तथा विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाही गरिने उल्लेख गरिएको छ।

प्रशासनले सामाजिक सद्भाव र सार्वजनिक शान्ति कायम राख्न जिम्मेवार र संयमित व्यवहार प्रदर्शन गर्न सबै पक्षसँग आग्रह गरेको छ।

# किन बनेन बर्दिबास मेडिकल कलेज? शिक्षा मन्त्रीले खोले पुराना दलको पोल



**राजकरण महतो**

बर्दिबास, ११ साउन। डेढ दशकअघि ठूलो आशाका साथ घोषणा गरिएको बर्दिबास मेडिकल कलेज स्पष्ट योजना, कार्यान्वयन मोडेल र संस्थागत संरचनाको अभावमा लामो समयदेखि अलपत्र परेको सरकारले पहिलो पटक खुलेर स्वीकार गरेको छ। शिक्षा मन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलले विगतमा प्रभावकारी योजना नबनेकै कारण आयोजना अघि बढ्न नसकेको स्वीकार्दै अब व्यवस्थित ढंगले परियोजना कार्यान्वयन गरिने बताएका छन्।

महोत्तरीको बर्दिबासस्थित प्रस्तावित मेडिकल कलेजको निर्माणस्थल निरीक्षणपछि मन्त्री पोखरेलले मधेश प्रदेशका लागि बर्दिबास मेडिकल कलेज अत्यावश्यक परियोजना भएकाले यसको सञ्चालन मोडेलबारे विस्तृत अध्ययन भइरहेको जानकारी दिए। उनका अनुसार मेडिकल कलेजलाई कुनै विश्वविद्यालयसँग आबद्ध गर्ने वा छुट्टै स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने भन्ने विषयमा अध्ययन भइरहेको छ। अध्ययनको निष्कर्षपछि उपयुक्त मोडेल तय गरी निर्माण प्रक्रिया अघि बढाइने उनले बताए।

'मेडिकल कलेजमा लगानी गर्न राज्यले लोभ गर्नुहुँदैन र हामी गर्दैनौं पनि। यस क्षेत्रमा यस्तो स्तरको मेडिकल कलेज आवश्यक छ। त्यसैले कुन मोडेलमा सञ्चालन गर्ने भन्ने विषयमा गम्भीर अध्ययन भइरहेको छ,' मन्त्री पोखरेलले भने। पछिल्लो समय बर्दिबास मेडिकल कलेजको योजना खारेज हुन लागेको चर्चा चले पनि त्यसलाई अस्वीकार गर्दै उनले आयोजनाका लागि बजेट विनियोजन भइसकेको र परियोजना कुनै हालतमा नरोकिने स्पष्ट पारे।

'घोषणा भएको करिब १५ वर्ष बितिसक्दा पनि आयोजना किन अघि बढेन?' भन्ने प्रश्नमा मन्त्री पोखरेलले विगतकै कमजोरीतर्फ संकेत गर्दै भने, 'राम्रोसँग योजना बनेको भए त १५ वर्षमै बन्थ्यो होला। अब हामी यसलाई व्यवस्थित रूपमा अघि बढाउँछौं।' करिब डेढ दशकअघि घोषणा भएको बर्दिबास मेडिकल कलेज निर्माण कार्य अहिलेसम्म सुरु हुन नसक्दा स्थानीयवासी निराश छन्। मधेश प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार, चिकित्सक उत्पादन तथा चिकित्सा शिक्षाको पहुँच बढाउने महत्वपूर्ण परियोजनाका रूपमा हेरिएको यो आयोजना अब व्यवहारमै कार्यान्वयन हुने अपेक्षा स्थानीयले गरेका छन्।

प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोले पनि सरकारले अब थप ढिलाइ नगरी निर्माण प्रक्रिया अघि बढाउनुपर्ने बताउँदै बर्दिबास मेडिकल कलेज मधेशका लाखौं नागरिकको स्वास्थ्यसँग जोडिएको राष्ट्रिय महत्वको आयोजना भएकाले यसलाई प्राथमिकतामा राख्न आग्रह गरे।

# सांसद साहसँग जनताका समस्या : मल र सडक मुख्य

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ११ साउन। सप्तरी निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य सीताराम साहले आफ्नो क्षेत्र अन्तर्गतका विभिन्न पालिका र बस्तीमा पुगेर स्थानीयवासीसँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया गर्दै जनगुनासा संकलन अभियान सञ्चालन गर्नुभएको छ। पछिल्ला चार-पाँच दिनदेखि जारी अभियानअन्तर्गत सांसद साहले बोदेबरसाइन नगरपालिका र सुरुङ्गा नगरपालिकाका विभिन्न वडामा स्थानीयवासीसँग छलफल गरी उनीहरूका समस्या, सुझाव र अपेक्षा सुन्नुभएको हो। उहाँले जनताका समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।



सुरुङ्गा नगरपालिका-१, २ र ३ का स्थानीयवासीसँग भएको छलफलमा सहभागीहरूले निर्वाचनपछि जनप्रतिनिधि जनतामाझ नफर्कने भन्ने स्थापित भाष्य परिवर्तन हुँदै गएको प्रतिक्रिया दिएका थिए। उनीहरूले नियमित रूपमा जनप्रतिनिधि गाउँबस्तीमा पुगेर नागरिकका समस्या सुन्न थालेकोमा सकारात्मक सन्देश गएको बताएका छन्।

यसैक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित सांसद साहसँगको भेटघाटका क्रममा सुरुङ्गा नगरपालिका-२ कमलपुर निवासी सुरेन्द्र यादवले अत्यधिक गर्मीका बेला ग्रामीण क्षेत्रमा न्यून भोल्टेजका कारण दैनिक जनजीवन प्रभावित भएको गुनासो गर्नुभयो। त्यस्तै, सुरुङ्गा नगरपालिका-७ हरिपुर निवासी रामनाथ साहले सुकुमवासीको समस्या, मलखाद वितरणमा अनियमितता तथा गाउँटोलका सडकमा हिलो र खाल्डाखुल्डीका कारण आवतजावतमा कठिनाइ भएको बताउनुभयो।

यस्तै, बोदेबरसाइन नगरपालिका-९ सबरणपट्टी निवासी बिरेन्द्र साहले सिँचाइ सुविधा, कृषि विद्युतीकरण, रासायनिक मलको सहज उपलब्धता तथा मल वितरणमा देखिएको अनियमितताबारे ध्यानाकर्षण गराउनुभयो।

स्थानीयवासीले कृषि, पूर्वाधार, विद्युत् आपूर्ति तथा आधारभूत सेवासम्बन्धी समस्या समाधानका लागि प्रभावकारी पहल गर्न सांसद साहसँग आग्रह गरेका छन्। सांसद साहले नागरिकबाट प्राप्त सुझाव र गुनासालाई प्राथमिकताका साथ सम्बन्धित निकायसम्म पुर्‍याई समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)